लोक सेवा आयोग

नेपाल पुनर्बीमा कम्पनी लिमिटेड, प्रशासन, छैठौं, सहायक प्रबन्धक पदको खुला

प्रतियोगितात्मक लिखित परीक्षा

२०७८।१०।०४

पत्र : द्वितीय

समय : ३ घण्टा

पूर्णाङ्क : १००

विषय : **बीमा पुनर्बीमा अर्थशास्त्र र लेखा तथा सेवा सम्बन्धी कानूनहरू**

प्रत्येक **खण्ड**को उत्तर छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ । अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ ।

**खण्ड "क"** **३५ अङ्क**

१. बीमा क्षेत्रमा पुनर्बीमालाई मेरूदण्डको रूपमा लिने गरिन्छ । पुष्टि गर्नुहोस् । १०

२. "बीमाका आधारभूत सिद्धान्तको अक्षरशः परिपालना नभइन्जेलसम्म बीमा उद्योगको विकास, विस्तार र सुशासन हुन सक्दैन ।" यो भनाइलाई उदाहरणसहित पुष्टि गर्नुहोस् । १०

३. बीमा कम्पनीहरूले पुनर्बीमक नेपाल रिइन्स्योरेन्स कम्पनीलाई प्रत्यक्ष हिस्सा बापत २०% व्यवसाय दिनुपर्ने कानूनी व्यवस्था छ । जसअनुसार कुनै एउटा बीमकले प्रत्यक्ष हिस्सा दिन मानेन । उसको विरूद्ध कानूनी प्रकृया अवलम्बन गर्दा लामो समय लागिसकेको छ । जसले गर्दा पुनर्बीमकले उक्त व्यापारवापत ठूलो नोक्सानी व्यहोर्नु परिरहेको छ । यस्तो अवस्थामा समस्या समाधानका उपायहरू पहिल्याउनुहोस् । १५

**खण्ड "ख"** **३५ अङ्क**

४. नेपालका बीमा कम्पनीहरूको संगठनात्मक संरचनाबारे चर्चा गर्दै बीमा कम्पनीहरूमा कुन-कुन विभागहरू अनिवार्यरूपमा स्थापना गरिएकै हुनुपर्छ? उल्लेख गर्नुहोस् । ७+३=१०

५. "पुनर्बीमाले जोखिमको हस्तान्तरण गर्दछ । तर अत्याधिक जोखिम हस्तान्तरणले नाफामा कमी आउँछ भने अत्याधिक जोखिम धारण (Retention) ले कम्पनी टाट पल्टन सक्छ ।" यस भनाइलाई उदाहरणसहित व्याख्या गर्नुहोस् । १०

६. पुनर्बीमा बिना बीमाको कल्पनासमेत गर्न सकिँदैन भन्ने सर्वव्यापी कहावत छ । बीमा गर्ने प्रकृयामा बीमितले बीमा कम्पनीसँग बीमालेख खरिद गर्दछ भने बीमा कम्पनीले आफ्नो क्षमताअनुसारको जोखिम धारण गरी बाँकी जोखिमको पुनर्बीमा गर्ने गर्दछन् । पुनर्बीमा कम्पनीले पनि आफ्नो क्षमताअनुसारको जोखिम धारण गरी बाँकी जोखिमको रेट्रोशेसन (Retrocession) गर्ने गर्दछन् । यो बीमा क्षेत्रको एउटा चक्र हो । यति हुँदाहुँदै पनि कतिपय बीमा कम्पनीहरूले पुनर्बीमाको व्यवस्था नगरी पनि जोखिम स्वीकार गरेको देखिन्छ भने पुनर्बीमा हुनै नसक्ने जस्ता बीमालेख पनि प्रचलनमा ल्याएको विद्यमान अवस्था देखिन्छ; जस्तैः कोरोना बीमा । जसको परिणामस्वरूप नेपाल सरकारले बीमाको प्रिमियममा अनुदान दिएको अवस्था छ भने अर्कोतर्फ दावी भुक्तानीमा पनि सहभागी हुनुपरेको साथै बीमाको नियमनकारी निकायले समेत दावी भुक्तानी दिनु परेको अवस्था छ ।

उपरोक्त सम्बन्धमा निम्न सवालहरूको जवाफ दिनुहोस् । ५+५+५=१५

i) बीमा कम्पनीहरूले पुनर्बीमाको पर्याप्त व्यवस्था नगरी बीमालेख जारी गर्दा आउन सक्ने परिणाम कस्तो होला?

ii) पुनर्बीमा हुनै नसक्ने अवस्थाको बीमालेख जारी गर्दा दावी भुक्तानीको व्यवस्थापन नै गर्न नसक्ने अवस्थाको सृजना भएको छ । यसले बीमा क्षेत्रलाई र राष्ट्रको समग्र अर्थ व्यवस्थामा कस्तो असर पार्ला? सूची तयार पार्नुहोस् ।

iii) प्रचलित बीमा ऐन तथा नियमावलीबमोजिम बीमालेख प्रचलनमा ल्याउन अन्तिम स्वीकृति दिने निकाय बीमा समिति हो । बीमालेख प्रचलनमा ल्याउनु पूर्व बीमालेखको स्वीकृति दिँदा के-के कुरामा ध्यान दिनुपर्ने रहेछ? नियमनकारी निकायलाई दिने सुझाव तयार पार्नुहोस् ।

क्रमशः ...

## खण्ड "ग" ३० अङ्क

७. नेपालको वैदेशिक लगानी नीति (Foreign Investment Policy) को वर्तमान अवस्थाको बारेमा चर्चा गर्नुहोस् । १०

८. नगद प्रवाह विश्लेषण किन गरिन्छ? नगद प्रवाह विश्लेषणको महत्व र उपादेयता स्पष्ट पार्नुहोस् ।१०

९. बीमा कम्पनीहरूको वित्तीय अवस्थाको मापन गर्ने विशिष्ट Key Performance Indicators (KPI) छन् । मुख्य १० KPI को बारेमा लेख्नुहोस् । १०

:: समाप्त ::